**लोक सेवा आयोग**

राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरह (अप्राविधिक) पदको
आन्तरिक प्रतियोगितात्मक (संयुक्त) लिखित परीक्षा
**२०७४/१०/२०**

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

**पत्र** :- द्वितीय

**विषय** :- सार्वजनिक क्षेत्र व्यवस्थापनमा जवाफदेहिता, नैतिकता र व्यवसायिकता
(Public Accountability, Ethics and Professionalism in PSM)

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. मुलुक संघीय शासन व्यवस्थातर्फ रूपान्तरण गरिरहेको छ । संघीय राज्य व्यवस्था भनेकै कुनै पनि नागरिक एक भन्दा बढी सरकारद्वारा प्रशासित हुने अवस्था हो भनिन्छ । एकात्मक सरकार हुँदा एउटा सरकारलाई कर बुझाउनु पर्थ्यो । एउटै सरकारबाट सबै सेवा तथा सुविधा प्राप्त हुन्थ्यो । अब तीनवटा सरकारलाई कर बुझाउनु पर्दछ । नागरिकले पाउने सेवा सुविधा पनि तीनवटा सरकार मध्ये कुन सरकारबाट पाउने यदाकदा अन्योल रहन सक्दछ ।

केही समय अघि मात्रै स्थानीय तह र आन्तरिक राजस्व कार्यालय दुवैले घरबहाल कर उठाउन थालेपछि काठमाडौंवासी दोहोरो कर तिर्न बाध्य भएको समाचार सार्वजनिक भएको थियो । ललितपुरमा यस्तै व्यवस्था लागू भएकोमा स्थानीय बासिन्दाको व्यापक विरोध पछि दुई निकायहरू वीच करको बाँडफाँड गरिएको छ । नवलपरासीको मध्यविन्दु नगरपालिकाको नगर परिषद्ले जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत बिक्री हुने सामुदायिक बनको काठमा प्रति क्यू. फिट रू. ५०।- र समूह सदस्यलाई वितरण गर्ने काठमा प्रति क्यू. फिट रू. १०।- स्थानीय कर लिने निर्णय गरेको छ । ऐन, कानून विपरीत सामुदायिक वनको अधिकारलाई संकुचित पार्ने र दोहोरो कर लगाउने निर्णय मान्य नहुने भनी सामुदायिक वन उपभोक्ता महासंघले यसमा आपत्ति जनाएको बुझिएको छ । यी सबै दृष्टान्तहरूबाट के निष्कर्षमा पुग्न सकिन्छ भने यस किसिमको अन्यौलबाट भविष्यमा एउटा जटिल समस्या सिर्जना हुन पनि सक्छ । कुन सार्वजनिक सेवाका लागि को जिम्मेवार हुने? सेवाको सहज प्राप्ति हुन नसकेमा संघीय, प्रादेशिक वा स्थानीय कुन सरकारलाई दोष दिने? यी प्रश्नहरू टड्कारो रूपमा जनसमक्ष प्रकट हुन थालेका छन् ।

त्यसै गरी प्राकृतिक स्रोत र साधनको उपयोग सम्बन्धमा संवैधानिक व्यवस्था अनुरूपका कानून नबन्दा स्थानीय तह र सरकारी निकायहरूवीच बिवाद चुलिदै गएको छ । ५ साउन २०७४ मा चन्द्रागिरी नगरपालिकाका वडाअध्यक्षले थानकोट चित्लाङ सडक आयोजनालाई सडक बनाउँदा निस्किएका ढुङ्गाको लिलामी रोक्न पत्र पठाएको सुनिएको थियो । जवकि जिल्ला वन कार्यालय, काठमाडौले यस्ता प्राकृतिक स्रोतसाधनको लिलामी आफ्नो क्षेत्राधिकार भित्रको विषय भएको हुँदा यो प्रकृया नरोकिने स्पष्ट पारिसकेको छ । स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. ५ का वडाअध्यक्षले पनि आफ्नो वडाभित्रको सामुदायिक वन नेपाली सेनालाई उपयोग गर्न दिएर त्यसको बोधार्थ जिल्ला वन कार्यालयलाई दिएको थाहा भएको छ । मुलुकभरका थुप्रै गाउँपालिकाहरूले विद्यालय भवन खाली गर्न लगाएर आफ्नो कार्यालय स्थापना गर्न जिल्ला शिक्षा कार्यालयहरूलाई पत्राचार गर्न थालेका छन् । यस किसिमको अवस्थामा संघीयता कार्यान्वयन चुनौतीको विषय पनि बन्न सक्दछ । २५

यस पृष्टभूमिमा:-

क) राज्यका तीनै तहवीच अधिकार र दायित्वको स्पष्ट बाँडफाँड गरी संविधानले परिकल्पना गरे अनुसारको सहकारितामा आधारित संघीयतालाई व्यवहारमा उतार्न कुन कुन पक्षबाट के कस्ता काम गर्न बाँकी रहेको ठान्नुहुन्छ?

DOTNepal.com

ख) संघीय तह र स्थानीय तहबीच वर्तमानमा देखिएको अधिकारको विवाद वास्तवमै कानूनी अस्पष्टताको कारण उत्पन्न भएको हो कि यो केवल मनोबैज्ञानिक वा व्यवस्थापकीय समस्या मात्रै हो?

ग) आम जनतालाई राज्यको तर्फबाट प्रदान गरिने सेवा सुविधा सहज रूपमा उपलब्ध गराउन र संघीयता कार्यान्वयनलाई विवादमुक्त एवं समस्यारहित तुल्याउन के कस्ता व्यवस्थापनका औजारहरू र नीतिगत उपायहरू अवलम्बन गर्नु वाञ्छनीय ठान्नुहुन्छ? रचनात्मक एवम् मौलिक सुझावहरू प्रस्तुत गर्नुहोस् ।

२. जनतालाई लाभग्राही वा सेवाग्राहीको रूपमा मात्र हेरिने चलन भएकाले सार्वजनिक जवाफदेहिता (Public Accountability) लाई नतीजामूखी बनाउन सकिएन । राज्य र जनताबीचको सम्वन्धको अमूर्त परिभाषा खोजियो । राज्य दिने जनता पाउने वा राज्यले जति दियो त्यतिमात्र जनताले पाउने भन्ने बुझाइले जनता साझेदार (Partner) हुन सकेनन् । राज्यले दिने वक्सीस वा तजवीजीले सिमाङ्कन गरिदिएको सेवा सुविधा प्रवाहमा नागरिकको केन्द्रियता वा सर्वोच्चता स्थापना हुन सकेन । जसले गर्दा जवाफदेहिताका परिसूचकहरू पनि खोटपूर्ण देखिए । जुन पृष्ठभूमिमा जवाफदेहिताको जग निर्माण भएको थियो, त्यसमा फेरवदल नगरी जवाफदेहिता परिसूचकहरू निर्माण गर्दा देखिने असफलताहरू भोग्दै आएको यथार्थलाई विर्सन मिल्दैन । जवाफदेहिता मापनयोग्य र यसका विषयहरू अंकमा गणना गर्न सकिने (Quantifiable) हुन सक्छन् तर हाम्रो लापरवाहीले यो विषयगत बन्न पुग्यो ।

सार्वजनिक जवाफदेहितालाई प्रारम्भिक चरण (Conceptual Stage) देखि नै सूचनाको घनिष्ट आदानप्रदान (Consultative Information Sharing and Disclosures) सँग गाँसेर हेर्नुपर्थ्यो । नियन्त्रित सूचना वा सीमित सूचनाका आधारमा वस्तु तथा सेवाको डिजाइन शासन संयन्त्रले गर्न थालेकाले जनता र राज्य छुट्टिए । जनता र राज्यको साझेदारी खुल्ला वहस वा नागरिक संलग्नताबाट मात्र प्राप्त हुन्छ र जसका आधारमा मात्र जवाफदेहिता मापनयोग्य र सार्थक बनाउन सकिन्छ । हाम्रो जस्तो सांस्कृतिक पृष्ठभूमि भएको सेवामा जतिसुकै ऐन, कानून र आचारसंहिताले बाँध्न खोजेपनि जवाफदेहिता मजाकको विषय भएको छ । यसको पालनाको लाभ निजामती सेवाले पाउन सकेको छैन । सार्वजनिक जवाफदेहिता किटान गर्न आवश्यक देखिन्छ ।

सार्वजनिक जवाफदेहितालाई यथार्थमा बदल्न केही अन्तर विषयवस्तुले प्रभाव पारेको पाइन्छ । उदाहरण स्वरूप राष्ट्रिय तहमा स्पष्ट सामाजिक राजनैतिक धरातल (स्पेस) बनाउने, सरकार भित्र विभिन्न तहमा अर्थपूर्ण नियन्त्रण र सन्तुलन कायम गर्नका लागि संस्थागत निगरानी बढाउने, विभिन्न पात्रहरूलाई खेलका नियमसँग सहमत गराउने, ठाडो (Vertical) र तेर्सो (Horizontal) जवाफदेहिता बीचको सन्तुलनलाई हेर्नुपर्ने देखिन्छ ।

नेतृत्वको प्रभावकारिता र कुशलता, कर्मचारीहरूको पेशा प्रतिको लगाव तथा इमान र परिवर्तन व्यवस्थापनमा इमान्दारिताले पनि जवाफदेहिता बलियो बनाउँछ । जवाफदेहितामा सुधारले राजनैतिक पक्षलाई पनि समेट्ने हुँदा निम्न पक्षहरूलाई केन्द्रमा राखि प्रत्येक विषयलाई बेग्लाबेग्लै अनुच्छेदमा समालोचनात्मक विश्लेषण गर्नुहोस् । २५

क) हामी चुकेको पक्ष र सुधारको प्रस्थान विन्दु ।

ख) जवाफदेहिताको राजनैतिक पक्षः-

अ) राजनैतिक इच्छाशक्ति निर्माण,

आ) यसबाट राजनैतिक लाभ (Political Mileage) लिने सोच ।

ग) कर्मचारी पक्षः-

अ) सुधार प्रक्रियालाई कसरी विस्तार गर्ने,

आ) कार्यान्वयनमा कसरी व्यापक सहभागिता खोज्ने ।

घ) मूल्याङ्कन पद्धतिसँग आवद्धता ।

क्रमश

DOTNepal.com

सार्वजनिक खरिदसँग सम्बन्धित ऐन/नियमहरूले विधिको पालनाको उद्देश्य मात्र राख्दैनन्, यसले कानुनद्वारा स्थापित प्रक्रियाको अवलम्बन, गुणस्तर, पारदर्शीता, जवाफदेहीताका साथै मितव्ययिता वा खर्चको सदुपयोगलाई समेत आत्मसाथ गर्दछन् । सम्झौता वा करारमा स्थापित शर्तहरूको पालना पनि यसैभित्र सन्निहित् विषयहरू हुन् । खास गरेर निर्माण कार्यसँग सम्बन्धित सार्वजनिक खरिदको वर्तमान प्रवृत्ति हेर्दा प्रक्रियाहरूको पालना त भएकै देखिन्छ । तर स्वार्थपूर्ण क्रियाकलापहरूले क्रमशः विकसित स्वरूप ग्रहण गर्दै गएको देखिन्छ । यस सन्दर्भमा निम्न प्रवृत्तिगत कार्यहरू सार्वजनिक खरिदका निर्माण कार्यमा देखिएका छन्:-

क) निर्माण कार्यको स्पेसिफिकेसन (Specification) मा योग्यता स्थापित गर्दा सीमित निर्माण व्यवसायीहरूलाई फाइदा पुग्ने गरी सीमितले मात्र सहभागिता जनाउन सक्ने योग्यता निर्धारण गरेर प्रतिस्पर्धालाई सीमित/संकुचित गर्ने प्रवृत्ति ।

ख) आफ्नो स्वार्थसँग जोडिएकालाई हित हुने गरि र ठूला प्रभावशाली निर्माण व्यवसायीलाई चित्त बुझाउने गरि निर्माण कार्यलाई टुक्रा/टुक्राका विभिन्न प्याकेज (Package) बनाई काम दिने प्रवृत्ति ।

ग) निर्माण कार्यको गहन र विस्तृत अध्ययन विश्लेषण नगरी त्रुटिपूर्ण डिजाइन इष्टिमेट गर्ने र पछि सिर्जना हुने समस्याहरूका कारण निर्माण कार्य दिगो नहुने र लागत समेत बढ्दै जाने प्रवृत्ति ।

घ) निर्माण कार्य समाप्त भएपछि कानुनले तोकेको सीमित रकम धरौटीमा राखी मर्मत सम्भार वा दायित्व बाँकी नै राख्ने व्यवस्थाले निर्माण कार्यको गुणस्तर वा क्षतिको मात्रा जस्तो र जति नै भएपनि निर्माण व्यवसायीहरूको दायित्व बाँकि नै रहेको बाहानामा उन्मुक्ति खोज्ने प्रवृत्ति ।

प्रवृत्ति/समस्याहरू विभिन्न खालका छन् । कानुनको छिद्र खोजेर वा उपयोग गरेर स्वार्थसिद्ध गर्ने कार्य प्रवृत्तिका रूपमा पुनरावृत्त भईरहेको देखिन्छ । सरकारी कार्यमा स्वार्थ जोडिएपछि भ्रष्टाचारले प्रश्रय पाउने त छदैछ, गरिएको कार्य पनि दिगो नहुने, खर्चको सदुपयोग नहुने र सेवाग्राही पिडीत हुने स्थिति विद्यमान रहेको देखिन्छ । यो प्रवृत्तिले भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी पाएको निकायलाई त चुनौती दिन्छ नै, देशको कमजोर शासकीय प्रवन्ध (Weak Governance) लाई समेत स्पष्ट रूपमा प्रतिविम्बित गर्दछ ।

उपरोक्त प्रवृत्तिहरूको विश्लेषण गर्दै तत्कालीन र दीर्घकालीन रूपमा प्रक्रिया, कानुन तथा सार्वजनिक खरिदका सवै पक्षमा के सुधार गर्न आवश्यक ठान्नुहुन्छ? जसले बजेटको सदुपयोग मात्र होइन, पारदर्शीता, प्रक्रियाको पूर्णपालना, नैतिकता, व्यवसायिकता, गुणस्तर, जवाफदेहीता र प्रभावकारी सेवा प्रवाहलाई समेत स्थापित गर्न सकोस् । सुधार गर्नुपर्ने विषयको उद्देश्य, समस्या समाधानका लागि लिइनुपर्ने रणनीति र ठोस कार्य योजना समेत प्रस्तुत गर्नुहोस् । २५

४ चाडवाडको आगमनसँगै बजार भाउ बढ्नु नेपाली समाजको लागि अनौठो कुरा होइन । सामान्यतया तिहार पश्चात् हिउँदे तरकारी पर्याप्त मात्रामा बजारमा आउँछ । जसले गर्दा दसैं, तिहारमा बढेको तरकारीको भाउ ओरालो लाग्छ । तर, यसपाली चाडवाड सकिएर हिउँदे तरकारी बजारमा आएपछि पनि तरकारीको मुल्यले किर्तिमान कायम गर्‍यो । मंसीरको अन्तिम सातासम्म आइपुग्दा पनि तरकारीको मूल्य अचाक्ली बढेको पाइयो ।

घरघरमा डुलेर तरकारी बेच्ने खुद्रा व्यापारीहरू चाडवाड मनाउन घर गएको कारण तरकारीको भाउ बढेको अनुमान गरिरहेका उपत्यकाका उपभोक्तालाई कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले सामान्यतया दिनको सात सय टन आयात हुने तरकारी साढे चार सय टनको हाराहारीमा मात्रै आएकोले तरकारीको भाउ बढेको जानकारी गरायो । उपभोक्ता हित संरक्षण कर्मीहरूले समितिको भनाइप्रति असन्तुष्टि जनाउँदै आफ्नो क्षेत्राधिकार भित्र पर्ने व्यवसायीहरूलाई अनुगमन गरी तरकारीको भाउ नियन्त्रण गर्नुको सट्टा तरकारी व्यवसायीको पक्षमा बोलेको आरोप लगाए ।

एक प्रमुख दैनिक समाचारपत्रले काकड्भिट्टाबाट प्रति किलो ११ रूपैया ५० पैसामा काउली, भिन्डी, परवल र भन्टा खरीद गरेको बिल प्रकाशित गर्दै बजारमा काउली १ सय ४० रूपैयामा विक्रि भैरहेको

क्रमशः

DOTNepal.com

समाचार प्रकाशन गर्‍यो । विभिन्न मितिमा छापिएको समाचारको सार भनेको उपत्यकाको बजारमा तरकारीको खुद्रा मूल्य किसानले प्राप्त गरेको वास्तविक मूल्य भन्दा २ गुणादेखि ४ गुणासम्म रहेको थियो । कृषि विकास मन्त्रालयका सहसचिव तथा कालिमाटी फलफूल तथा तरकारी बजार समितिको अध्यक्षले "आपूर्तिमा कमी आएको मौका पारेर प्रत्येक तहका बिचौलियाले नाफा बढाउँदा मूल्य अकासिएको उल्लेख गर्दै यो बीचमा ६ तहले पहिले भन्दा २०-२० प्रतिशत भन्दा बढी नाफा राखेको कारण यस्तो हुन गएको भनी" बताएको पाइयो ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा " ..... माल वस्तुको व्यापार गर्ने व्यक्तिले मालबस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २०% भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल बस्तुको अनुचित नाफा लिई विक्रि गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार जरिवाना वा दुवै सजाय हुन सक्नेछ ...... " भन्ने व्यवस्था स्मरणीय छ ।

अधिकतम नाफा २०% खुद्रा व्यापारीको लागि हो, थोक व्यापारीले सामान्यतया २% देखि ५% नाफामा व्यापार गर्ने प्रचलन रहेको हुन्छ भनिन्छ ।

विभिन्न उपभोक्ता हकहित संरक्षण कर्मीहरूले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ र उपभोक्ता संरक्षण ऐन, २०५४ का दफाहरू कार्यान्वयन गरी तरकारीको मूल्य नियन्त्रण गर्नुपर्ने माग गरीरहँदा सरकारी पदाधिकारीहरूले तरकारीमा बिलिङ्ग प्रणाली नभएको कारण तरकारीको मूल्य नियन्त्रण हुन नसकेको बताउँछन् । स्थानीय तहबाट देशको मुख्य शहरमा तरकारी आयात गर्ने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रभावकारी कार्यान्वयन हुन नसकेकोले पनि तरकारीको भाउ बढेको प्रसङ्ग चर्चामा रह्यो ।

तरकारीको किर्तिमानी मूल्य कायम गरेको प्रसङ्गले केही अहम् प्रश्नहरू जन्माएको छ ।

किसानले आफ्नो श्रम र उत्पादनको मूल्य पाउने वातावरण सिर्जना गर्ने जिम्मेवारी कसको हो? उपभोक्ताको स्वास्थ्य सुविधा आर्थिक हित कायम राख्दै उपयोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितता बाट उपभोक्ता वर्गलाई नैतिक रूपले संरक्षण गर्ने जिम्मेवारी कसको हो?

तरकारी कृषकले मूल्य नपाउने, उपभोक्ताले चर्को मूल्य व्यहोर्नुपर्ने वर्तमान अवस्थालाई सहकारीको अवधारणा लागू गरी विचौलियाको अन्त गर्न सरकार र सरोकारवाला किन चुकेका होलान्? अवका दिनमा विचौलीया कम गर्न सरकार र सरोकारवालाको भूमिका के हुनपर्ला?

वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठान् वीच स्वच्छ प्रतिस्पर्धा कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाउँदै राष्ट्रिय उत्पादकत्व बृद्धि गर्ने उद्देश्य हासिल गर्ने काममा के कस्तो नैतिक सजगता अपनाउनु पर्ला?

माथि उल्लेख गरिएका विषयहरू माथि समालोचनात्मक विश्लेषण गर्दै समस्या समाधानको लागि तत्कालीन र दीर्घकालीन रूपमा के कस्तो कदमहरू चाल्नु पर्ला? विश्लेषणात्मक सुझाव प्रस्तुत गर्नुहोस् । २५

**समाप्त**

DOTNepal.com